# नेपाल ईन्जिनियर्स एशोसिएसन

केन्द्रिय कार्यालय
पुल्चोक, ललितपुर

३२ औ केन्द्रीय कार्यकारिणी समिति

अध्यक्ष
ई. प्रा. डा. तिरत्न वज्राचार्य

उपाध्यक्ष
ई. आशिष घिमिरे

महासचिव
ई. छवि राज पोखेल

उपमहासचिव
ई. कपिल आचार्य

कोषाध्यक्ष
ई. राम एकवाल यादव

सह-कोषाध्यक्ष
आ. चाँदमाला श्रेष्ठ

सदस्यहरु
ई. सागर श्रेष्ठ
ई. छविलाल अधिकारी
ई. प्रकाश बुढा
ई. दिलिप कुमार विश्वकर्मा
ई. अनिल मानन्धर
ई. सुजन भट्ट
ई. एभरेष्ट के. सी.
ई. ज्योतिमणि भट्टराई
ई. गजेन्द्र कुमार झा
ई. उमेश प्रसाद चौधरी
ई. प्रताप सापकोटा
ई. सुदर्शन भण्डारी
ई. कृष्ण प्रसाद पाण्डे (कर्णाली प्रदेश)
ई. ओम प्रकाश गिरी (गण्डकी प्रदेश)
आ. जनक राज जोशी (सुदूरपश्चिम प्रदेश)
ई. पारस खड्का (प्रदेश नं. ५)
ई. लक्ष्मण कुमार यादव (प्रदेश नं. २)
ई. डा. कृष्ण राज पाठक (प्रदेश नं. ३)
ई. डेग राज पौडेल (प्रदेश नं. १)

प.सं. च.न. ०३,२०७७।०७८ मिति: २०७७।०४।१९

**श्री चाँगुनारायण नगरपालिकाको कार्यालय**
**खरिपाटी, भक्तपुर**
**बागमती प्रदेश, नेपाल ।**

विषय : **नि:शुल्क नक्सा तथा सुपरिवेक्षण सम्बन्धी सूचना बारे ।**

महोदय,

उपरोक्त सम्बन्धमा मिति २०७७।०४।१३ गते त्यस नगरपालिकाले निकालेको सार्वजनिक सूचनाका सम्बन्धमा नेपाल ईन्जिनियर्स एशोसिएसनको ध्यानाकृष्ट भएको छ । तत् सम्बन्धमा सामाजिक संजालहरुमा ईन्जिनियरिङ्ग समुदायको चासो र जिज्ञासाहरु प्राप्त भई रहेकोले निम्न बुँदाहरु प्रष्ट पारी यस एशोसिएसनलाई जानकारी गराईदिनुहुन अनुरोध छ ।

**(क)** उपत्यका स्वतन्त्र निर्माण व्यवसायी संघ जस्तै अन्य संस्थाहरुले नगरपालिकासँग संभौता गरी सोही प्रकृतिको सेवा प्रदान गर्न पाउने वा नपाउने ?

**(ख)** नीजि तहका परामर्शदाताहरु वा नेपाल ईन्जिनियरिङ्ग परिषद्मा दर्ता भएका ईन्जिनियरहरुले व्यक्तिगत रुपमा घर नक्सा बनाउने र नगरपालिकामा पेशा गर्न पाउने वा नपाउने ?

साथै त्यस नगरपालिकाले सार्वजनिक चासोको उक्त सूचनावारे सार्वजनिक रुपमै सूचित गरीदिनुका साथै यस एशोसिएसनलाई समेत जानकारी गराईदिनुहुन अनुरोध छ ।

भवदीय,

ई. छवि राज पोखेल
महासचिव

**बोधार्थ:**
१. श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय तह समन्वय शाखा, सिंहदरबार, काठमाडौं ।
२. श्री नेपाल नगरपालिका संघ, काठमाडौं ।
३. श्री गाउँपालिका राष्ट्रिय महासंघ नेपाल ।

---

# चाँगुनारायण नगरपालिका

नगरकार्यपालिकाको कार्यालय
खरिपाटी, भक्तपुर
३ नं. प्रदेश, नेपाल

☎: ६६१४८०६

प सः २०७७/७८
च नः

मितिः २०७७/०४/२१

## प्रेस विज्ञप्ति

प्रस्तुत सम्बन्धमा यस नगरपालिका र उपत्यका स्वतन्त्र निर्माण व्यवसायी संघ काठमाण्डौं बिच भएको नि:शुल्क नक्शा डिजाईन गर्ने सम्बन्धि सम्झौता भई यस नगरपालिकाबाट मिति २०७७/०४/१३ गते नगरबासीको लागि नि:शुल्क घर नक्शा परामर्श सेवा उपलब्ध गराउने सम्बन्धि सार्वजनिक सूचना प्रकाशन भएकोमा सो सम्बन्धमा नेपाल ईन्जिनियर्स एशोसिएसन, ललितपुरको मिति २०७७/०४/१९ को पत्रबाट यस नगरपालिकाको गम्भीर ध्यानाकर्षण भएको छ र सो सम्बन्धमा यस नगरपालिकाको धारणा देहाय बमोजिम रहेको छ।

१. नगरबासीहरुले आफ्नो भवन निर्माणका लागि आफ्नो रोजाईका डिजाईनर एवम् ईन्जिनियर, निर्माणकर्ता र निर्माण सामग्री प्रयोग गर्न स्वतन्त्र रहेको कुरा यसै विज्ञप्ति मार्फत जानकारी गराउन चाहन्छु।
२. भुकम्प पिडित भई हाल सम्म घर निर्माण गर्न नसकेका तथा निम्न आय भएका नगरबासीको सुविधालाई ध्यानमा राखी उपत्यका स्वतन्त्र निर्माण व्यवसायी संघ काठमाण्डौंसँग नि:शुल्क घर नक्शा डिजाईन, सो को सुपरिवेक्षण तथा परामर्शदाताका रुपमा सो सम्झौता गरिएको र सो लाई बाध्यकारी नबनाईएको समेत जानकारी गराउन चाहन्छौं । यसबाट कुनै ईन्जिनियर, सो सम्मिलित फर्म वा व्यवसायको नक्शा बनाउने कार्य रोक्ा नगरिएको व्योहारा समेत जानकारी गराईन्छ ।
३. नेपाल ईन्जिनियर्स एशोसिएसनको जिज्ञासामा उपत्यका स्वतन्त्र निर्माण व्यवसायी संघ जस्तै अन्य संस्था नि:शुल्क रुपमा घर नक्शा वा उस्तै प्रकृतिका नगरबासीलाई लाभ हुने गरीको कार्य गर्न सेवा प्रदायक नि:शर्त आएमा नगरपालिकाले सदैव स्वागत गर्दछ।
४. निजी परामर्शदाताहरु वा नेपाल ईन्जिनियरिङ्ग परिषदमा दर्ता भएका ईन्जिनियरहरुले व्यक्तिगत रुपमा यस नगरपालिकामा सूचिकृत भई नक्शा बनाउन पाउने र नगरपालिकामा स्वीकृतिका लागि पेश गर्न पाईने व्यवस्था रहेको छ।

चिरञ्जिवी तिम्सिना
प्रमुख प्रशासकीय अधिकृत

चिरञ्जिवी तिम्सिना
प्रमुख प्रशासकीय अधिकृत